मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २२६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार १८ गते मंगलबार (Tuesday, 2 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



**तातोहावा 'लु' का असर तथा लक्षण**

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्याधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने,

यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# ३१ अर्ब रुपैयाँको सुन तस्करी

## पेवेल र सजिलो-पेबाट ५५ अर्ब ७९ करोड भुक्तानी

**काठमाडौं, असार १७।** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले विद्युतीय सामग्री र 'ब्रेक सु'मा लुकाएर रु. ३१ अर्बभन्दा बढी रकम बराबरको सुन तस्करी भएको बताएको छ ।

विस २०८० साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट 'ब्रेक सु'मा लुकाएर ल्याएको ६० किलो ७१६ ग्राम सुन तस्करीको अनुसन्धानका क्रममा विभिन्न पाँचवटा नक्कली कम्पनीमार्फत हालसम्म रु. ३१ अर्ब ८२ करोड २२ लाख ९१ हजार २ सय ७२ मूल्य बराबरको सुन तस्करी भएको पाइएको प्रहरीले जनाएको छ ।

सोमवार आयोजित पत्रकार सम्मेलनमा सीआईबीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) श्यामलाल ज्ञवालीले ६० किलोग्राम सुन तस्करीको अनुसन्धानका क्रममा थप २० जनालाई पक्राउ गरिएको जानकारी दिए । विभिन्न पाँचवटा नक्कली कम्पनीमार्फत इलेक्ट्रोनिक मालवस्तुमा लुकाईछिपाई दुई हजार ८ सय ३१ किलो ८९ ग्राम र ब्रेक सु मा लुकाएर ३६२ किलो ७७८ ग्राम सुन तस्करी भएको अनुसन्धानमा देखिएको छ- ब्यूरो प्रमुख ज्ञवालीले भने ।

प्रहरीका अनुसार भुजेल इलेक्ट्रिक्स सप्लायर्स प्रालिमार्फत एक हजार ३०३ किलोग्राम ९६५ ग्राम, ह्वादा इलेक्ट्रिक सप्लायर्स प्रालिमार्फत ६३२ किलोग्राम ७९५ ग्राम, चुनगाक इलेक्ट्रिक सप्लायर्स प्रालिमार्फत ७१६ किलोग्राम ८३ ग्राम, दोलखा इलेक्ट्रिक सप्लायर्स प्रालि मार्फत १७० किलोग्राम आठ ग्राम र रेडी ट्रेड प्रालिमार्फत सात किलोग्राम पाँच ग्राम अवैध सुन नेपाल भित्रिएको थियो । ब्रेक सु मार्फत यसअघि ३६२ किलोग्राम ७७८ ग्राम अवैध सुन भित्रिएको थियो ।

अवैध रुपमा भित्रिएका सुनको भुक्तानी प्रक्रियामा भने नेपालका दुईवटा पेमेन्ट गेटवेसमेत सङ्लग्न रहेको खुल्न आएको छ । 'पे वेल' नेपाल प्राइभेट लिमिटेड र सजिलो पेमेन्ट सर्भिस प्राइभेट लिमिटेडका खातामा बचत गरी एजेन्टमार्फत अवैध सुनको भुक्तानी भएको पत्रकार सम्मेलनमा जानकारी गराइयो ।

वि.सं. २०८० वैशाख १२ गतेदेखि २०८१ जेठ २१ गतेसम्म पे वेल को वालेटमा रु. ८६ अर्ब १७ करोड ११ लाख ५३ हजार २ सय ५३ कारोबार भएको र सजिलो पेको वालेटमार्फत २०७८ जेठदेखि २०८१ जेठसम्म रु. ३६ अर्ब ९४ करोड ३५ लाख ७५ हजार २४७ कारोबार भएको पाइएको छ । सिआईबीले उक्त प्रकरणमा 'पे वेल' नेपाल प्राइभेट लिमिटेड र सजिलो पेमेन्ट सर्भिस प्राइभेट लिमिटेडमा सङ्लग्न सञ्चालक समिति, कर्मचारी र एजेन्ट गरी आठ जनालाई पक्राउ समेत गरेको छ ।



ब्रेक सुमा लुकाएर ल्याएको सुनको परिमाण ३६२ किलोग्राम ७७८ ग्राम रहेको देखिएको भन्दै सीआईबीले विस २०८० भदौ ३१ गते २९ जनाउपर अभियोगपत्र दायर गरेको थियो । उनीहरुबाट रु. तीन अर्ब ५० करोड दुई लाख १६ हजार ५ सय ५२ रुपैयाँ मागदाबी गरिएको थियो ।

सीआईबीले पक्राउ गरेका २९ जनामध्ये २४ जना अभियुक्तहरू हाल पुर्पक्षका लागि थुनामा छन् । यस्तै, सोही सुन प्रकरणमा दोस्रो चरणमा प्रहरीले २० जनालाई पक्राउ गरेको छ । वैशाखबाट शुरु गरिएको दोस्रो चरणको अनुसन्धानमा १४ नेपाली, दुई चिनियाँ र चार भारतीय नागरिक पक्राउ परेका छन् । पक्राउ परेका भारतीय नागरिकमा बैजनाथ महादत्त गोयल, सिद्धनाथ अशोक गायकवाड, धिरज दिनेश भोइटे र प्रशान्त गणेश बजबलकर रहेका छन् । यस्तै चिनियाँ नागरिकमा सोनाम गुरुङ भन्ने सराव ग्याल्मो र जेन्गा जाग्सी रहेका छन् ।

पक्राउ पर्ने नेपालीमा पर्सा वीरगञ्ज-११का सुरेन्द्रमान श्रेष्ठ, भक्तपुर सूर्यविनायक-५का राजु खत्री, मध्यपुर-१५का सुशील जाकिबन्जा, काभ्रेपलाञ्चोक तेमाल-४ का कान्छा लामा, नमोबुद्ध-१०का भीमप्रसाद तिमल्सिना, भुम्लु-१ का रूपक भण्डारी, काठमाडौं महानगर-७का प्रज्ज्वल आचार्य, काठमाडौं सुविधानगरका सुरजशमशेर जबरा, बाफलका कश्यप मानन्धर, गुल्मी सत्यवती-१ का लालबहादुर कुँवर, बारा जितपुर-१९ का अरुणकुमार यादव छन् ।

पक्राउ परेकाविरुद्ध सङ्गठित अपराध, सुनको चोरीपैठारी र केहीलाई बैकिङ कसुरमा मुद्दा चलाउन सरकारी वकिल कार्यालयमा पठाउने तयारी भइरहेको सिआईबीका प्रवक्ता, प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिए ।

यसैबीच भुक्तानी साधन पेवेल र सजिलो-पे प्रयोग गरी सुन तस्करीको ५५ खर्ब ७९ करोड रुपैयाँ बढी भुक्तानी भएको रहस्य खुलेको छ । प्रहरी केन्द्रीय अनुसन्धान विभाग (सीआईबी) ले लामो समय लगाएर दुई भुक्तानी साधन 'वालेट' माथि गरेको अनुसन्धानबाट यस्तो खुलेको हो ।

नेपाल राष्ट्र बैंकबाट पेमेन्ट गेटवे भुक्तानी साधन

(बाँकी अन्तिम पृष्ठमा)

## सुनको मूर्ति भन्दै ३० लाख ठगी



**काठमाडौं, असार १७।** सुनको मूर्ति भन्दै नक्कली सामान देखाएर ३० लाख रुपैयाँ ठगी गरेको आरोपमा ५ जना पक्राउ परेका छन् ।

काठमाडौं जिल्ला प्रहरीको टोलीले भारतको उडिसाका ४० वर्षीय कलाकार दास र ५ जना नेपालीलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार दासले आफूसँग सुनको मूर्ति छ भन्दै प्रलोभन देखाएर ३० लाख रुपैयाँमा बिक्री गरेका थिए । तर, नक्कली भएको पाइएपछि पीडितले प्रहरीलाई सम्पर्क गरेका थिए । प्रहरीले पक्राउ परेकाको साथबाट १४ लाख रुपैयाँ नगद बरामद गरेको छ ।

## भन्सार छली सुनको कारोबार गरेपछि...

**काठमाडौं, असार १७।** अवैध रूपमा भन्सार छली सुनको कारोबार गरेको अभियोगमा पर्सा वीरगञ्ज महानगरपालिका-२९ ठेगाना भएका २९ वर्षीय सम्साद आलमलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं तिलगंगा एरियामा विदेशबाट आउने नेपाली यात्रुले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रूपमा भन्सार छली गरी ल्याएको सुन ओसारपसार तथा बिक्री वितरण गरिरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले आलमलाई ५४ ग्राम ८ सय ७० मिलिग्राम तौल भएको सुन जस्तो देखिने पहेँलो रंगको बाला दुई थानसहित पक्राउ गरेको हो ।

उनलाई थप अनुसन्धान तथा आवश्यक कारवाहीको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौंमा पठाइएको छ ।

## झापाको बरगाछीमा जुवातास खेल्दाखेल्दै २२ जना पक्राउ

**झापा, असार १७।** कमल गाउँपालिका-५ वरगाछी बस्ने ४४ वर्षीय कमल सुव्वाको घरमा जुवातास खेलिरहेको अवस्थामा कमलसमेत १२ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६९ हजार ४ सय रूपैयाँ र २ बुक तासहित पक्राउ गरेको हो ।

उता कास्की पोखरा महानगरपालिका-८ आनन्द मार्ग बस्ने ४९ वर्षीया अमिता शेरचनको घरमा जुवातास खेलिरहेको अवस्थामा अमिता समेत १० जनालाई प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले उनीहरूलाई नगद १ लाख ३७ हजार ७ सय ६० रूपैयाँ र ५ बुक तासहित पक्राउ गरेको हो ।

## 'सरकारविरुद्ध कानूनी लडाइँमा छौं'



**दमक, असार १७।** पल्लो किरात लिम्बुवान राष्ट्रिय मञ्चले सरकारलाई दिएको अल्टिमेटम फिर्ता लिएको छ ।

मञ्चको झापाको शिवसतासीमा दुई दिनसम्म बसेको बैठकले सरकारले आफ्नो मुद्दामा चासो नदिएकोमा आपत्ति जनाउँदै घोषित शान्तिपूर्ण आन्दोलनको कार्यक्रमलाई स्थगित गर्ने निर्णय भएको जनाएको छ । मञ्चका अध्यक्ष चन्द्रप्रसाद योङ्याले गत असोज १३ गते सरकारलाई दिएको अल्टिमेटमबाट उत्पन्न हुने सक्ने अशान्ति लगायतका घटनाका बिषयमा समीक्षा गर्दै तत्काल अल्टिमेटम फिर्ता लिने निर्णय भएको जानकारी दिए ।

बैठकका निर्णय सार्वजनिक गर्दै अध्यक्ष योङ्याले भने- हामीले हिंसा होइन, राजनीतिक हिसाबले आफ्नो माग पूरा गर्न जनदबाब सिर्जना गर्छौं । मञ्चले तत्कालीन राजा ज्ञानेन्द्र वीरबिक्रम शाहले जनताको नासो जनतालाई फिर्ता गरिसकेको हुँदा वि.सं. १८३१ साउन २२को तत्कालीन सन्धि अनुसार स्वायत्त लिम्बुवान राज्य भएको दावी गरी आएको छ । मञ्च २०६३ सालदेखि पूर्वका ९ जिल्लालाई स्वायत्त लिम्बुवान राज्यको आन्दोलनमा केन्द्रित रही आएको छ ।

यसैगरी, आफ्नो माग पूरा गराउन मञ्चले सर्बोच्च निकाय अन्तर्राष्ट्रिय अदालतमा समेत आफूहरुले सरकारबिरुद्ध कानूनी लडाइँलाई जारी राखेको उपाध्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

## जुकेखाडीको कार्यसम्पादन भेला

**अर्जुनधारा, असार १७।** झापाको अर्जुनधारा-३स्थित जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहको सोमबार सम्पन्न कार्यसम्पादन भेलाबाट विभिन्न समिति र उपसमिति गठन भएको छ ।

समूह अन्तर्गत रहेको कैदले पर्यापर्यटन क्षेत्रको सभाहलमा समूहका अध्यक्ष मोहन श्रेष्ठको अध्यक्षता र डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईको प्रमुख आतिथ्यमा आयोजित उक्त भेलाबाट सल्लाहकार समिति, लेखा समिति र विधान पुनर्लेखन उपसमिति गठन भएको हो ।

जस अनुसार सल्लाहकार समितिका सदस्यहरुमा कपिलमणि मिश्र, जयनारायण आचार्य, झरिन्द्रकुमार खड्का, देवेन्द्र मैनाली, पुण्यप्रसाद शिवाकोटी, सञ्चरानी इङ्नाम र हुमा पोखेल रहेका छन् ।

त्यसैगरी लेखा समितिमा अर्जुन निरौला, इशान पौडेल, कमल बुढाथोकी, टीकामाया गुरुङ र हरिबहादुर वाग्ले रहेका छन् । त्यस्तै विधान पुनर्लेखन उपसमितिमा ख्याम सुब्बा, जीवकुमार भण्डारी, दिव्यप्रसाद कट्टेल, पिताम्बर भट्टराई, लोकनाथ खतिवडा, बिदुर भट्टराई र सुरेन्द्र कार्की रहेका छन् ।

कार्यक्रममा एकीकृत समाजवादी झापाका सदस्य जयनारायण आचार्य, नेकपा एमाले वडाका अध्यक्ष युवराज चापागाँई, माओवादी केन्द्र वडाका अध्यक्ष याम मगर, निवर्तमान वडाध्यक्ष जीवकुमार भण्डारी, सामुदायिक वन उपभोक्ता महासंघ अर्जुनधाराका अध्यक्ष भानुभक्त श्रेष्ठ, समूहका निवर्तमान अध्यक्ष झरिन्द्रकुमार खड्का, पूर्व अध्यक्ष दिव्यप्रसाद कट्टेललगायतले मन्तव्य राखेका थिए ।

समूहका उपाध्यक्ष लक्ष्मीराम शर्माले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव उर्मिला कटुवालले गरेकी थिइन् ।

## प्रेस युनियनको धर्ना

**काठमाडौं, असार १७।** नेपाली कांग्रेसको शुभेच्छुक संगठन नेपाल प्रेस युनियनले सोमबार देशभर रहेका नेपाल पत्रकार महासंघका कार्यालयहरुमा धर्ना दिएको छ ।

विभिन्न ७ बुँदे मागहरू अघि सारेर आन्दोलनरत युनियनले सोमबार बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म केन्द्रदेखि जिल्लासम्म रहेका तीनै तहका महासंघका कार्यालयहरुमा धर्ना दिएको हो ।

विधि र प्रक्रिया विपरीत सार्वजनिक गरिएको नामावली खारेज गर्नुपर्ने, जिल्ला र प्रदेशबाट सिफारिस गरेका र सदस्यता लिने मापदण्ड तथा योग्यता पुगेर आवेदन दिएका सदस्यको सदस्यता कायम गरिनुपर्ने, नवीकरण छुटेका र मापदण्ड पुगेका पत्रकारको सदस्यता नवीकरण गर्नुपर्नेलगायतका ७ बुँदे माग अघि सारेर प्रेस युनियनले शुक्रबार रातिबाट आन्दोलन गर्दै आएको छ ।

प्रेस युनियनले शनिबार महासंघको केन्द्रीय कार्यालय, प्रदेश कार्यालयहरु र जिल्ला कार्यालयहरुमा तालाबन्दी गरेको थियो । तालाबन्दीपछि पनि माग सुनुवाइ नभएको भन्दै प्रेस युनियनले सोमबार कार्यालयहरुमा धर्ना दिएको हो ।

## फिक्कल-नयाँबजार सडक कालोपत्र

**फिक्कल, असार १७।** इलामको फिक्कल-जोगमाई-नयाँबजार-दुधाड सडकअन्तर्गत फिक्कल-नयाँबजार सडक खण्डको कालोपत्र भएको छ ।

सडकको जिरो प्वाइन्ट सूर्योदय नगरपालिका-९ फिक्कलस्थित बरबोटेदेखि गन्तव्य स्थान माइजोगमाई गाउँपालिका-१ नयाँबजारसम्म २० किलोमिटर दुई सय मिटर सडक कालोपत्रे पूरा भएको हो ।

कोशी प्रदेश सरकारको लगानीमा सो सडक कालोपत्रे गरिएको हो । रु. ५३ करोड ८९ लाख ३८ हजार एक सय ४९ को लागतमा सडक कालोपत्रे सम्पन्न गरिएको पूर्वाधार विकास कार्यालय भद्रपुर झापाका इञ्जिनियर वीरेन्द्र लामाले जानकारी दिए । सडकको अप्ठ्यारो भूभागमा आठ सय मिटर पक्की ढलाइ गरिएको छ ।

डिबिएसटी (डबल बिटुमिन एस ट्रिटमेन्ट) प्रविधिको कालोपत्र गरिएको हो । सडक कालोपत्रबाहेक किलोमिटर पोष्ट, सेफ्टी बारलगायतको कामसमेत गरिएको छ ।

सो कार्यका लागि निर्माण कम्पनीसँग सम्झौता भएको थियो । वि.सं. २०७९ कात्तिक १५ गते सम्पन्न हुनुपर्ने भए पनि सम्पन्न नभएपछि एकपटक म्याद थप भएको थियो । वि.सं. २०७६ देखि नै काम शुरु भए पनि २०७७ कात्तिक २ गते ठूलो बाढी आएर पुल समेत बगाएकाले काममा ढिलाइ भएकाले म्याद थप्नुपरेको निर्माण कम्पनीका प्रतिनिधि डिल्लीराम खनालले बताए ।




## ३१ अर्ब ...

सञ्चालन तथा व्यवस्थापनको इजाजत-पत्र (लाइसेन्स) प्राप्त पेवेल नेपाल प्रालि र सजिलो पे-पेमेन्ट सर्भिसेजले लाइसेन्सको दुरुपयोग गर्दै सुन तस्करीमा पटक-पटक गरी कूल ५५ अर्ब ७९ करोड ८८ लाख ८५ हजार ८ रुपैयाँ ५३ पैसा भुक्तानी सहजीकरण गरिरहेको भेटिएको सीआईबीले सार्वजनिक गरेको हो ।

काठमाडौं अनामनगर केन्द्रीय कार्यालय रहेको पेवेल नेपालले स्थापना कालदेखि हालसम्म पटक-पटक गरी कूल १ खर्ब २३ अर्बको भुक्तानी कारोबार गरेकोमा भौचर डिपोजिटका आधारमा ९६ अर्ब बराबरको कारोबार गरेको देखिएको सीआईबीले जनाएको छ । जसका आधारमा अनुसन्धान गर्दा कम्पनीले सुन तस्करीमा भुक्तानी सहजीकरण गरेको देखिएकाले ८ जनालाई पक्राउ गरी अनुसन्धान गरेको जनाएको छ ।

सीआईबीले प्रतिवादी राजु खत्री, प्रशान्त गणेश बजबलकर, धिरज दिनेश बोइटे, सिद्धार्थ अशोक गाएकवाड लगायतलाई पक्राउ गरी अनुसन्धान गरिएको जनाएको छ ।

यसैगरी बालुवाटार केन्द्रीय कार्यालय रहेको सजिलो पे पेमेन्टले पनि पटक-पटक गरी अर्ब रुपैयाँ सुन तस्करीको भुक्तानीमा ट्रान्जेक्सन गरेको भेटिएको सीआईबीले जनाएको छ । दुई नम्बरी कारोबारमा संलग्न देखिएपछि अनुसन्धान थालेको सीआईबीले यी दुई कम्पनीको बैंक खाता रोक्का गर्न नियामक केन्द्रीय बैंक 'नेपाल राष्ट्र बैंक' लाई पत्राचार गरेको थियो ।

२०८० जेठ २ गते एक सार्वजनिक सूचना जारी गर्दै केन्द्रीय बैंकले पेवेल नेपाल प्रालि र सजिलो पे-पमेन्ट सर्भिसेज प्रालिको बैंक खाता रोक्का गरिएको जानकारी दिएको हो । यी दुई भुक्तानीका साधनमार्फत भइरहेको भुक्तानी कारोबारहरू नियामकीय अनुपालना सम्बन्धी छानविनको क्रममा रहेकोले उपयुक्त संस्थाहरूको बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू अर्को निर्णय नभएसम्मका लागि रोक्का गरिएको व्यहोरा राष्ट्र बैंकले सार्वजनिक गरेको सूचनामा उल्लेख गरेको छ । तस्करीमा संलग्नलाई २ खर्ब ६६ अर्ब ६७ करोड बिगो दाबीसहित मुद्दा दायर गरिएको छ ।

## सरकारबिरुद्ध...

मचिन्द्र आङ्देम्बेले बताए । उनले कानूनी लडाइँका लागि थप सशक्त बनाउन आदिवासी जनजाति वकिलहरुको समूह (लाहुर्नेप)का अध्यक्ष शंकर लिम्बूलाई कानूनी सम्पर्क अधिकारी र किरात धर्मगुरु आत्मानन्द लिङ्देनलाई परामर्श दाताका रूपमा मनोनयन गर्ने समेत निर्णय भएको मञ्चका नेता राजकुमार आङ्देम्बेले बताए ।

## राहदानी हरायो

बिर्तामोडबाट सुरुङ्गा जाने क्रममा यही मिति २०८१।०२।०५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- संकल्प संग्रौला
**ठेगाना**:- बिर्तामोड-२, झापा
**राहदानी नं.**:- १२०४४१०८
सम्पर्क: ९८४४८६८७३५

## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवम् फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घर बाहिर हिँड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## पेन्सन पट्टामा नाम फरक परेको सूचना



हाल इलाम जिल्ला सूर्योदय-११ साविक इलाम जिल्ला पञ्चकन्या गाउँ सुन्तले वडा नम्बर ३ बस्ने भारतीय आर्मी नम्बर ९४१८४३८A दर्जा हवल्दार ७/११ जी आर को श्री भागीमान राईको नाति श्री मन प्रसाद राईको छोरा भारतीय सैनिक श्री राज कुमार राई को एक मात्र श्रीमती जिल्ला इलाम साविक नामसालिङ गाउँ पचायत हाल माईजोगमाई गाउँपालिका वडा नं. ४ बस्ने खड्ग सिंह देवान को नातिनी श्री बृख बहादुर देवानको छोरी हेम कुमारी देवान को नाम श्रीमानको भारतीय दस्तावेजमा श्रीमती होम कुमारी राई लेखिएको हुँदा अब उप्रान्त नेपाली नागरिकता बमोजिम नै श्रीमती हेम कुमारी देवान कायम गर्नको निम्ति सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**MITERI Development Bank Limited**
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी । फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np

## धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना

**प्रथमपटक प्रकाशित २०८१/०१/१२)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपशिल बमोजिम कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैंकलाई बुझाउनुपर्ने व्याज रकम समयमा नबुझाइ बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी,जमानतकर्ता लगायत ऋण/कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ताभुक्तान गर्न मिति २०७९/०९/२४ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८०/०१/१२ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणिहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हादा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं । धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ सस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८१/०३/२४) भित्र सोही कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ । बोलपत्र दर्ता गर्न अन्तिम दिन/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ ।

**तपसिल**
**शाखा कार्यालय, सुरुङ्गा, झापा (०२३-५५०३११, ९८०२३०२७४७)**

**१. व्यवसायिक कर्जा**
**ऋणी तथा जमानकर्ताको तिनपुस्ते विवरण :**

| | प्रोपाईटर/ जमानतकर्ता | जमानतकर्ता |
|---|---|---|
| नेपाल सरकार बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यलय झापामा मिति २०७७/०९/१६ मा दर्ता नं. १४०७।१७१३।२०५०३ भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व बिभाग, आन्तरिक राजस्व कार्यालय भद्रपुरबाट मिति २०७७/०९/१७मा स्थायी लेखा नं. (पान) दर्ता प्रमाणपत्र नं. ६१४६७७५४० को प्रमाणपत्र प्राप्त **नरमाया फर्निचर उद्योग (प्रो. हेम कुमार सार्की )** ठेगाना : कन्काई न.पा. ७, झापा । | **नाम : हेम कुमार सार्की**<br>बावुको नाम : दिल बहादुर सार्की<br>बाजेको नाम : धन बहादुर सार्की<br>ठेगाना : कन्काई न.पा. ०७, झापा<br>ना.प्र.नं. : ०४/२९३५<br>जारी मिति : २०६३।०२।०१, झापा | नाम : नरमाया सार्की<br>बावुको नाम : लाल बहादुर सार्की<br>पतिको नाम : दिल बहादुर सार्की<br>ठेगाना : कन्काई न.पा. ०७, झापा<br>ना.प्र.नं. : ३२३५१२२<br>जारी मिति : २०५३/०२/२०, झापा |

**लिलाम बिक्री हुने सम्पतिको बिबरण :**
१. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री नरमाया कार्कीको स्वामित्व रहेको कि.न. १०५९ क्षेत्रफल ०-१-०-०, घैलाडुब्बा- २, झापा स्थित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. **नोटः बोल पत्र पेश गर्दा उल्लेखितलिलाम बिक्रि हुने सम्पूर्ण जग्गाहरु वा कुनै छुट्टै जग्गाको लागि मात्र पनि कित्ता नं., क्षेत्रफल र रकम खुलाई छुट्टाछुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।**

**शिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति :** २०८१/०३/२४ गते दिउंसो ४ बजेसम्म ।
**शिलबन्दी बोलपत्र बुझाउने स्थानः** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय, महेन्द्रपथ धरान-१२, सुनसरी र शाखा कार्यालय, सुरुङ्गा झापा ।
**शिलबन्दी बोलपत्र खोल्ने स्थान :** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, शाखा कार्यालय, सुरुङ्गा झापा, ।
**शिलबन्दी बोलपत्र खुल्ने मिति :** २०८१/०३/२५ गते
**शिलबन्दी बोलपत्र खुल्ने समय :** विहान ११:०० बजे ।

**पुनश्च : ऋणी तथा जमानतकर्तालाई उल्लेखित ७ दिन भित्र बैंकमा सम्पर्क राखी बैंकको सम्पूर्ण तिर्नुपर्ने रकम तिरी बुझाई आफ्नो सम्पतिको संरक्षण गर्न समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।**

---

**MITERI Development Bank Limited**
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी । फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np

## धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना

**प्रथमपटक प्रकाशित २०८१/०१/२०)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपशिल बमोजिम कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैंकलाई बुझाउनुपर्ने व्याज रकम समयमा नबुझाइ बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी,जमानतकर्ता लगायत ऋण/कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ताभुक्तान गर्न मिति २०८०/०२/१५ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८१/०१/२० गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणिहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं । धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ सस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८१/०३/२४) भित्र सोही कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ । बोलपत्र दर्ता गर्न अन्तिम दिन/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ ।

**तपसिल**
**शाखा कार्यालय, सुरुङ्गा, झापा (०२३-५५०३११, ९८०२३०२७४७)**

**१. व्यक्तिगत कर्जा**
**ऋणी तथा जमानकर्ताको तिनपुस्ते विवरण :**

| ऋणी/जमानतकर्ता | जमानतकर्ताः | जमानतकर्ताः | जमानतकर्ताः |
|---|---|---|---|
| नाम : सुमिना विश्वकर्मा | नाम : विर बहादुर विश्वकर्मा | नाम : बाटुली देवी विश्वकर्मा | नामः याम बहादुर विश्वकर्मा |
| बावुको नाम : भोलामान विश्वकर्मा | बावुको नामः हर्क बहादुर विश्वकर्मा | बावुको नामः उजिरमान विश्वकर्मा | बावुकोनामः विर बहादुर विश्वकर्मा |
| पतिको नाम : याम बहादुर विश्वकर्मा | बाजेको नामः पहलमान विश्वकर्मा | पतिको नामः विर बहादुर विश्वकर्मा | बाजेकोनामः हर्क बहादुर विश्वकर्मा |
| ठेगाना : कनकाई न.पा. ३, झापा | ठेगानाः कनकाई न.पा. ३, झापा | ठेगानाः कनकाई न.पा. ३, झापा | ठेगाना : कनकाई न.पा. ३, झापा |
| ना.प्र.नं. : ०४-०१-६९-०५८२२ | ना.प्र.नं.: ९१५२८७ | ना.प्र.नं. : ९१५२१३६ | ना.प्र.नं.: ९१५२१६९८ |
| जारी मिति : २०६९।०५।१२, झापा | जारी मिति : २०४६।०३।२३, झापा | जारी मिति : २०४६।११।०८, झापा | जारी मिति : २०५८।०१।१८, झापा |

**लिलाम बिक्री हुने सम्पतिको बिबरण :**
१. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री विर बहादुर विश्वकर्माको स्वामित्व रहेको कि.न. २८३४ क्षेत्रफल ०-१-०-० साविक सुरुङ्गा-९, झापा स्थित जग्गा र उक्त जग्गामा बनेको पक्की घर समेत ।
२. **नोटः बोल पत्र पेश गर्दा उल्लेखितलिलाम बिक्रि हुने सम्पुर्ण जग्गाहरु वा कुनै छुट्टै जग्गाको लागी मात्र पनि कित्ता.न., क्षेत्रफल र रकम खुलाई छुट्टाछुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।**

**शिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति :** २०८१/०३/२४ गते दिउंसो ४ बजेसम्म ।
**शिलबन्दी बोलपत्र बुझाउने स्थानः** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय, महेन्द्रपथ धरान-१२, सुनसरी र शाखा कार्यालय, सुरुङ्गा झापा ।
**शिलबन्दी बोलपत्र खोल्ने स्थान :** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, शाखा कार्यालय, सुरुङ्गा झापा, ।
**शिलबन्दी बोलपत्र खुल्ने मिति :** २०८१/०३/२५ गते
**शिलबन्दी बोलपत्र खुल्ने समय :** विहान ११:०० बजे ।

**पुनश्च : ऋणी [redacted]**

---

**MITERI Development Bank Limited**
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी । फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np

## धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना

**प्रथमपटक प्रकाशित २०७९/०४/११)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपशिल बमोजिम कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैंकलाई बुझाउनुपर्ने व्याज रकम समयमा नबुझाइ बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी,जमानतकर्ता लगायत ऋण/कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ताभुक्तान गर्न २०७९/०२/०६गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा मिति २०७९।०४।११ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणिहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हादा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं । धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ सस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८१/०३/२४) भित्र सोही कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ । बोलपत्र दर्ता गर्न अन्तिम दिन/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ ।

**तपसिल**
**शाखा कार्यालय, सुरुङ्गा, झापा (०२३-५५०३११, ९८०२३०२७४७)**

| १. सवारी | | २. व्यक्तिगत कर्जा | |
|---|---|---|---|
| **ऋणी तथा जमानकर्ताको तिनपुस्ते विवरण :** | | **ऋणी तथा जमानकर्ताको तिनपुस्ते विवरण :** | |
| **ऋणी : दिल बहादुर भण्डारी** | **जमानतकर्ता** : नाम : जीवनकुमारी भण्डारी | **ऋणी : जीवनकुमारी भण्डारी** | **जमानतकर्ता** : नाम : दिल बहादुर भण्डारी |
| बावुको नाम : हितमान भण्डारी | बावुको नाम : गंगा बहादुर बोहोरा | बावुको नाम : गंगा बहादुर बोहोरा | बावुको नाम : हितमान भण्डारी |
| बाजेको नाम : मान विर भण्डारी | पतिको नाम : दिल बहादुर भण्डारी | पतिको नाम : दिल बहादुर भण्डारी | बाजेको नाम : मान विर भण्डारी |
| ठेगाना : दमक न.पा. ०३, झापा | ठेगाना : दमक न.पा. ०३, झापा | ठेगाना : दमक न.पा. ०३, झापा | ठेगाना : दमक न.पा. ०३, झापा |
| ना.प्र.नं. : २४०३१।८९४ | ना.प्र.नं. : ४२०८१ | ना.प्र.नं. : ४२०८१ | ना.प्र.नं. : २४०३१।८९४ |
| जारी मिति : २०५१।०६।०४, तेह्रथुम | जारी मिति : २०६०।१२।०५, तेह्रथुम | जारी मिति : २०६०।१२।०५, तेह्रथुम | जारी मिति : २०५१।०६।०४, तेह्रथुम |

**लिलाम बिक्री हुने सम्पतिको बिबरण :**
१. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री जीवनकुमारी भण्डारीको स्वामित्व रहेको कि.न. २३७९ र २३८० क्षेत्रफल क्रमशः ०-१-० र ०-१०-० व.मि. सुरुङ्गा ७, झापा स्थित जग्गा तथा कित्ता नं.२३७९ मा बनेको १ (एक)तले पक्की घर र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. **नोटः बोल पत्र पेश गर्दा उल्लेखित लिलाम बिक्री हुने सम्पुर्ण जग्गाहरु वा कुनै छुट्टै जग्गाको लागी मात्र पनि कित्ता नं., क्षेत्रफल र रकम खुलाई छुट्टाछुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।**

**शिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति :** २०८१/०३/२४ गते दिउंसो ४ बजेसम्म ।
**शिलबन्दी बोलपत्र बुझाउने स्थानः** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय, महेन्द्रपथ धरान-१२, सुनसरी र शाखा कार्यालय, सुरुङ्गा झापा ।
**शिलबन्दी बोलपत्र खोल्ने स्थान :** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, शाखा कार्यालय, सुरुङ्गा झापा, ।
**शिलबन्दी बोलपत्र खुल्ने मिति :** २०८१/०३/२५ गते
**शिलबन्दी बोलपत्र खुल्ने समय :** विहान ११:०० बजे ।

**पुनश्च : ऋणी तथा जनानतकर्तालाई उल्लेखित ७ दिनभित्र बैंकमा सम्पर्क राखी बैंकको सम्पूर्ण तिर्नुपर्ने रकम तिरी बुझाई आफ्नो सम्पतिको संरक्षण गर्न समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।**

---

**MITERI Development Bank Limited**
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी । फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np

## धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना

**प्रथमपटक प्रकाशित २०७९/०२/१०)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपशिल बमोजिम कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैंकलाई बुझाउनुपर्ने व्याज रकम समयमा नबुझाइ बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी,जमानतकर्ता लगायत ऋण/कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ताभुक्तान गर्न मिति २०७८/११/२३ गतेको ब्लाष्ट टाईम्स दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना, मिति २०७९।०२।१० गतेको ब्लाष्ट टाईम्स दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिकी गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना र मिति २०७९।१०।१९ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिकी गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणिहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हादा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं । धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ सस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८१/०३/२४) भित्र सोही कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ । बोलपत्र दर्ता गर्न अन्तिम दिन/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ ।

**तपसिल**
**शाखा कार्यालय, सुरुङ्गा, झापा (०२३-५५०३११, ९८०२३०२७४७)**

**१. सवारी**
**ऋणी तथा जमानकर्ताको तिनपुस्ते विवरण :**

कन्काई नगरपालीका झापामा मिति २०७७/०३/२१ मा दर्ता नं. ४८६६ भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व बिभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुरबाट मिति २०७७/०४/०२ मा स्थायी लेखा नं. (पान) दर्ता प्रमाणपत्र नं. ६१३३३९८५४को प्रमाण-पत्र प्राप्त **बुद्ध सप्लायर्स (प्रो. तेज बहादुर श्रेष्ठ)** कन्काई न.पा. २, झापा ।

| **प्रोपाईटर/ जमानतकर्ता : तेज बहादुर श्रेष्ठ** | **जमानतकर्ता** : नाम : मनु श्रेष्ठ |
|---|---|
| बावुको नाम : धन नारायण श्रेष्ठ | बावुको नाम : हरि कुमार राई |
| बाजेको नाम : नर बहादुर श्रेष्ठ | पतिको नाम : तेज बहादुर श्रेष्ठ |
| ठेगाना : कन्काई न.पा. ०२, झापा | ठेगाना : कन्काई न.पा. ०२, झापा |
| ना.प्र.नं. : ९१५२२४६५ | ना.प्र.नं. : ०४३०३११८८४ |
| जारी मिति : २०५५।०९। ३०, झापा | जारी मिति : २०६३।११।२४, झापा |

**२. व्यक्तिगत कर्जा**
**ऋणी तथा जमानकर्ताको तिनपुस्ते विवरण :**

| **प्रोपाईटर/ जमानतकर्ता : तेज बहादुर श्रेष्ठ** | **जमानतकर्ता** : नामः मनु श्रेष्ठ |
|---|---|
| बावुको नाम : धन नारायण श्रेष्ठ | बावुको नाम : हरि कुमार राई |
| बाजेको नाम : नर बहादुर श्रेष्ठ | पतिको नाम : तेज बहादुर श्रेष्ठ |
| ठेगाना : कन्काई न.पा. ०२, झापा | ठेगाना : कन्काई न.पा. ०२, झापा |
| ना.प्र.नं. : ९१५२२४६५ | ना.प्र.नं. : ०४३०३११८८४ |
| जारी मिति : २०५५।०९। ३०, झापा | जारी मिति : २०६३।११।२४, झापा |

**लिलाम बिक्री हुने सम्पतिको बिबरण :**
१. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री तेज बहादुर श्रेष्ठको स्वामित्व रहेको कि.न. १२३६ क्षेत्रफल ०-४-०, सुरुङ्गा-८, झापा स्थित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२.यातायात व्यवस्था कार्यालय विर्तामोड झपामा दर्ता कायम रहेको प्र ०१-०१-००१त ८१७० नम्बरको इञ्जिन नं. 3102IL93J884379 र चेसीस नं. KZCSS88496553 भएको ट्याक्टर ।
३. नोटःबोल पत्र पेश गर्दा उल्लेखित लिलाम बिक्री हुने सम्पुर्ण जग्गाहरु वा कुनै छुट्टै जग्गाको लागि मात्र पनि कित्ता.न., क्षेत्रफल र रकम खुलाई छुट्टाछुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।

**शिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति :** २०८१/०३/२४ गते दिउंसो ४ बजेसम्म ।
**शिलबन्दी बोलपत्र बुझाउने स्थानः** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय, महेन्द्रपथ धरान-१२, सुनसरी र शाखा कार्यालय, सुरुङ्गा झापा ।
**शिलबन्दी बोलपत्र खोल्ने स्थान :** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, शाखा कार्यालय, सुरुङ्गा झापा, ।
**शिलबन्दी बोलपत्र खुल्ने मिति :** २०८१/०३/२५ गते
**शिलबन्दी बोलपत्र खुल्ने समय :** विहान ११:०० बजे ।

**पुनश्च : ऋणी तथा जमानतकर्तालाई उल्लेखित ७ दिन भित्र बैंकमा सम्पर्क राखी बैंकको सम्पूर्ण तिर्नुपर्ने रकम तिरी बुझाई आफ्नो सम्पतिको संरक्षण गर्न समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी ([redacted]

पूर्वाञ्चल

## सम्पादकीय

# बेसारप्रतिको आकर्षण

**धरान उपमहानगरपालिकाका किसान व्यवसायिक रुपले बेसार खेतीतर्फ आकर्षित भएको अन्य किसानका लागि प्रेरणा हुनसक्छ । यसको खेतीबाट मनग्य आम्दानी गर्न थालेका त्यहाँका किसानको भनाइ र यसको गुणका कारणले पनि यसप्रतिको आकर्षण बढ्नुपर्छ । बेसार मूलतः तरकारीमा प्रयोग गरिने एउटा मसला हो । यद्यपि यसका गुणहरु अनगिन्ती छन् । नेपालमा सदियौंदेखि बेसार भान्साको अनिवार्य वस्तु हुँदै आएको छ । हाम्रा ऋषिमुनिहरुले यसको विशेषताका आधारमा बेसारलाई औषधिका रुपमा प्रयोग गर्दै आएका थिए । त्यसकै उदाहरण हो चिकित्साशास्त्रको आयुर्वेद पद्धतिमा बेसारलाई बहुपयोगी वस्तु मानेर औषधिमा प्रयोग गरिन्छ ।**

**वानस्पतिक नाम जिन्जिवेरेसी अहिले दक्षिण तथा दक्षिण पूर्वी एसियाको मात्र अनिवार्य कन्दमूल नभएर विश्वका सम्पूर्ण देशहरुमा समेत लोकप्रिय हुन थालेको छ । यसमा हुने 'कुरकुमिन' नाम जैविक रसायनका कारण यो पहेंलो देखिन्छ, जसमा विभिन्न औषधीय तत्वहरु पाइन्छन् । बेसारमा भिटामिन ए, बी, सी र खाद्य ऊर्जा हुन्छ भन्ने विज्ञानसिद्ध तथ्य हो । त्यस्तै कीटाणु मार्ने शक्ति भएको बेसार जमिनमुनि फल्ने बहुपयोगी उत्पादन हो । बेसारको गुणका बारेमा खोज अनुसन्धान भई एलोपेथिक चिकित्सा पद्धतिमा समेत सामेल गरिएको छ । यसमा दाद, लुतो, कुष्ठरोग र विष नष्ट गर्ने शक्ति भएका कारण आधुनिक चिकित्सा विज्ञानमा यो अनिवार्य भइसकेको छ ।**

**सौन्दर्य प्रशाधनका रुपमा समेत प्रयोग भइरहेको बेसारको अहिले हुन थालेको व्यवसायिक खेतीप्रति धरानका मात्र होइनन् अन्य कतिपय पहाडी जिल्लामा समेत आकर्षण बढ्न थालेको सन्दर्भले किसानको आर्थिक जीवनमा परिवर्तन आउने निश्चित छ । नगदेबालीका रुपमा लिइएको बेसार तराईका किसानहरुले समेत व्यावसायिक रुपमा खेती गर्ने हो भने यसले आयआर्जन र आत्मनिर्भरतामा बल पुऱ्याउँछ । तत्काल नबिग्रिने र नगदेबाली भएकाले धरानका किसान बेसारखेतीतर्फ आकर्षित भएका हुन् । त्यसकै खेतीबाट थोरै क्षेत्रमा मनग्य आम्दानी गर्दै आएका मेहनती किसानको आयको प्रमुख स्रोत बन्न सक्यो भने युवा जनशक्तिको पलायन पनि रोकिन सक्छ । यस्तो अवस्था देशको पनि हितमा हुन्छ ।**

सामाजिक सञ्जाल



प्रधानमन्त्री दाहालले सत्तामा बसिरहन र सत्ताको नेतृत्व गर्न आफूहरूसित 'जादुयी नम्बर' रहेको र पूरै अवधि सरकारमा बस्ने बताएको साता दिनमै कांग्रेस र एमालेको नेतृत्वबीच भएको भेटले प्रधानमन्त्री सशंकित बनेका हुन् ।

**– अमित ढकाल**



राजनीतिक स्थिरता दिनका लागि मुख्य दुई दलबीचको सरकार जनताले हेर्न चाहेका छन् । जनतामा प्रणाली प्रति नै वितृष्णा जागिरहेकाले दुई ठूला दलले सरकार चलाउनु आवश्यकता रहेको छ ।

**– विश्वदीप**



कृषिमा बजेट छुट्याउँदा अनुसन्धानलाई होइन, अनुदानलाई प्राथमिकता दिन्छ । विभिन्न अनुदानहरू आफैंमा समस्याका स्रोत बनेका छन् । किसानलाई मर्यादा दिनभन्दा अवमूल्यन गर्न खोजिएको छ । ज्ञान चाहिने ठाउँ दान दिने चलन बसेको छ ।

**– उत्तमबाबु श्रेष्ठ**

# एसइईपछिको यात्रा आफैं रोजौं



**बसन्त आचार्य**


एसइईको नतिजा सार्वजनिक भएको छ। औसत रूपमा विगतका नतिजाको समवर्ती भएर यो नतिजा आएको छ। शिक्षाको क्षेत्रमा सबैभन्दा व्यग्र प्रतीक्षा हुने, सर्वाधिक विद्यार्थी सहभागी हुने, गहिरो ढङ्गले विश्लेषण अनि चर्चा हुने भनेको एसइईको नतिजा नै हो। कतिपय विश्लेषक एसइईको नतिजालाई सिँगो देशको शैक्षिक अवस्था चित्रण गर्ने मानकका रूपमा लिन्छन्। जे होस् शिक्षा क्षेत्रमा एसइई उत्सव मात्रै नभएर महोत्सव नै हो। एसइईले सारा देशको ध्यान एकत्रित गरिरहेको हुन्छ।

एसइईको नतिजापश्चात् अभिभावक र विद्यार्थीमा उच्च शिक्षाका लागि के गर्ने ? कसो गर्ने ? अनेकानेक मानसिक दबाब सिर्जना भएका हुन्छन्। अझ त्यसमा विद्यालयले गर्ने प्रचारप्रसारको चर्को असर परिरहेको हुन्छ। अहिले कैयौँ अभिभावक र विद्यार्थीमा यस खालको दबाब गहिरो भएर आएको छ। एसइईपश्चात् अगाडि बढ्नका लागि अनेकानेक गोरेटा छन्। धेरै गोरेटा हुँदा कुन गोरेटो हिँड्ने भन्ने अन्योलता हुनु खासै नौलो पनि होइन। हामीले कुन गोरेटो हिँड्ने भन्ने कुराको मानक केलाई बनाउने गरेका छौँ भन्ने कुरा निकै महत्त्वपूर्ण हो। हामीले मानक सही छनोट गर्न सक्यौ भने त त्यसले हामीलाई सही गन्तव्यमा पुऱ्याइहाल्छ। गलत छनोट भयो भने सिङ्गो जीवन नै यता न उताको भएर बित्ने गर्छ। जसले गर्दा पढेर पनि के काम छ र भन्नेखालको मनोविज्ञान बढेर जान्छ।

अहिलेका विद्यार्थीले एसइईपश्चात् के पढ्ने भन्ने कुराको निर्धारण गर्नका लागि मुख्यतः अभिभावकको सुझावलाई नै मूल आधार बनाइरहेका हुन्छन्। यहाँनेर बुझ्नुपर्ने कुरा के हो भने हरेक अभिभावकलाई आफ्ना सन्तानका लागि सपना देख्ने अधिकार त अवश्य पनि हुन्छ, तर त्यो सपना आफ्ना आँखाले भन्दा पनि सन्तानको आँखाले देख्नु मनासिव र न्यायपूर्ण हुन्छ। सन्तानलाई के बनाउनेभन्दा पनि के बन्न चाहन्छन् भन्ने बारेमा अभिभावकले सोच्नुपर्ने हुन्छ। अभिभावक नै सपनाको मूल स्रोत हो। अभिभावकले बालबालिकालाई दबाबभन्दा पनि सल्लाह र सुझाव दिनुपर्छ।

कुन कुरा पढ्ने ? कसरी अगाडि बढ्ने ? लगायतका विषयको निर्णय गर्न अभिभावकले बालबालिकालाई स्वतन्त्र छाडिदिनु पर्छ। हो, बालबालिका केही अन्योलमा परेको अवस्थामा अवश्य पनि केही सुझाव दिन सकिन्छ। तर, आफूले चाहेको विषय नै पढ्नुपर्छ भन्ने बारेमा विद्यार्थीलाई दबाब सिर्जना गर्नु मनासिव मानिँदैन। क्षणिक रूपमा अभिभावकमा सन्तुष्टि ल्याए पनि त्यसले कालान्तरणमा ल्याउने भनेको विस्फोट नै हो।

अर्को कुरा भनेको विद्यार्थीले ल्याउने नतिजा हो। सामान्यतयाः हामीकहाँ राम्रो नम्बर ल्याउने विद्यार्थीले विज्ञान नै पढ्नुपर्छ भन्ने खालको सोच देखिन्छ। कसले कुन विषय पढ्ने भन्ने कुरा अङ्कले कहिल्यै पनि मापन गर्न सक्दैन। त्यो वस्तुनिष्ठ पनि हुँदैन। अङ्कलाई मापन गरेर राम्रो मानिएको अङ्क ल्याउनेलाई विज्ञान अनि ठिकठिकै अङ्क ल्याउनेलाई अन्य विषय




अध्ययनका लागि दबाब दिनुहुँदैन। अङ्कलाई विषय या कार्यक्रम छनोटको आधार कहिल्यै पनि बनाइनु हुँदैन। यसले विद्यार्थीको अभिरुचिलाई मार्ने गर्छ। अङ्कको महत्त्व नै छैन भन्ने होइन, तर विषय छनोटको आधार अङ्क मात्रै भने होइन।

राम्रो अङ्क ल्याउने बित्तिकै विज्ञान नै पढ्नुपर्छ, अलि जटिल मानिने विषय पढ्नुपर्छ भन्ने मान्यताले पनि विद्यार्थीमा निराशा पैदा गरेको छ। अङ्क कम या धेरै आउनु प्राविधिक कुरा पनि हो। यसकारण यसैलाई आधार मानेर बालबालिकालाई विषय छनोटका लागि दबाब दिनुले पनि उनीहरूमा पढाइप्रति अभिरुचि पैदा गर्न सक्दैन। कहिलेकाहीँ राम्रो गर्दा पनि सोचे जस्तो नम्बर नआउन सक्छ। नम्बर कम आयो भने विद्यार्थीको क्षमतालाई कम आँक्न मिल्दैन।

विद्यार्थीलाई कार्यक्रम छनोटका आधारका रूपमा परिवारको पृष्ठभूमिलाई पनि लिन सकिन्छ। परिवारमा आफूभन्दा अघिको व्यक्तिले या अभिभावकले के विषय पढेको छ, सोही विषय अध्ययनका लागि दबाब सिर्जना गरिएको पनि पाइन्छ। यसले पनि विद्यार्थीलाई उत्प्रेरित गर्न सक्दैन। परिवारमा कसले के काम गर्छ ? कुन विषय पढेको छ ? लगायतको कुरालाई विद्यार्थीलाई मानसिक रूपमा तनाव दिन सकिँदैन। आफू के बन्ने भन्ने कुरा सोच्नका लागि विद्यार्थी स्वतन्त्र हुनु पर्छ। एउटै परिवारमा सबै फरक-फरक पेसा व्यवसायमा पनि हुन सक्छन्। सबै एउटै काममा हुनु पर्छ भन्ने सोच आफैँमा राम्रो मानिँदैन। अभिभावक पनि आफूले गरे जस्तै आफ्नो सन्तानले गर्नुपर्छ भन्ने सोचबाट मुक्त हुनु पर्छ।

विद्यार्थीले विषय छनोटको आधार तय गर्नका लागि अहिले विभिन्न माध्यम छन्। यो प्रविधिको जमानामा उनीहरूले विभिन्न तवरबाट आफूले अध्ययन गर्ने विषयका बारेमा जानकारी लिन सक्छन्। आज एआइको जमाना आइसकेको छ। हिजोका दिनमा धेरै स्कोप मानिने विषय आजका लागि सामान्य जस्तै पनि भएको छ। यो जमानालाई सम्बोधन गर्नेखालको कुरा के हुन सक्छ भन्ने बारेमा विद्यार्थी आफैँ पनि जानकार छन्। उनीहरूलाई कसरी सही ढङ्गले सपना छनोट गर्ने र सपना पूरा गर्नका लागि के कुरामा ध्यान दिने भन्ने बारेमा जानकारी मात्रै दिए पुग्छ। हामीले उनीहरूको सपना माथि नै हस्तक्षेप गरेर अनावश्यक दबाब दिनु हुँदैन। आफ्नो जीवन कसरी बाँच्ने भन्ने कुरा विद्यार्थीको आफ्नो स्वतन्त्रताको कुरा पनि हो।

विद्यार्थीले के विषय पढ्ने ? भन्ने सन्दर्भमा सबैभन्दा पहिलो कुरा उनीहरूले आफ्नो मनको कुरा सुन्नु पर्छ। आफूलाई के कुरामा सबैभन्दा अभिरुचि छ ? सबैभन्दा राम्रो कुन क्षेत्रमा गर्न सकिन्छ जस्तो लाग्छ ? यो प्रश्नको जवाफसँगै विद्यार्थीले आफूले पढ्ने विषयको छनोट गर्नुपर्छ। कहिलेकाहीँ के कुरा पढ्ने भन्ने आधार तय गर्न नसक्दा विद्यार्थीले सोचे अनुसारको नतिजा प्राप्त गरेका हुँदैनन्। पढ्न भन्दा पनि जटिल कुरा भनेको विषय छनोट हो। यसलाई सजिलो मानेर हामीले त्यसै छाड्नु हुँदैन। भोलि जे हुन्छ हुन्छ भन्ने सोच्नु हुँदैन। भोलि के हुने भन्ने कुरा आज तय हुनु पर्छ। भोलि कहाँ जाने भन्ने कुरा आज निर्धारण हुनु पर्छ।

संसारमा हरेक विषयको समान महत्त्व र गरिमा छ। त्यसमा विज्ञता कसरी हासिल गर्ने भन्ने महत्त्वपूर्ण हो। विद्यार्थीले बुझ्नुपर्ने गाँठी कुरा के हो भने उसले आफूलाई भविष्यमा कुन रूपमा देख्न चाहन्छ भन्ने कुरालाई केन्द्रमा राख्नु पर्छ। राम्रो गायक बन्न मन छ भने सोही अनुसार विषय अध्ययन गरेर अगाडि बढ्नु पर्छ। अभिरुचि र पढ्ने विषयका बिचमा अन्तर हुनु हुँदैन। विद्यार्थीले आफूले चाहेको विषय पढ्न पायो भने अवश्य पनि उसले राम्रो गर्न सक्छ।

अरूको करकापमा अध्ययन गरेको विषयमा विद्यार्थीले गतिलोसँग पढ्ने छाँट देखाउँदैन। यस कारण विद्यार्थीले नै कुन विषय अध्ययन गर्ने भन्ने कुरामा दृढनिश्चय भएर निर्णय गर्नुपर्छ। निर्णय गर्ने बेलामा अनावश्यक हल्लाका पछाडि दौडनु हुँदैन। शिक्षा क्षेत्रमा पनि केही विकृति भरिएका छन्। यसले विद्यार्थीलाई पनि प्रभाव पारेको छ। अस्वस्थ प्रतिस्पर्धाको सिकार अहिले कैयौँ विद्यार्थी भइरहेका छन्। यस कुरालाई मनन गरेर विद्यार्थीले विषय छनोटमा वस्तुनिष्टता, तठस्थता र जिम्मेवारीबोधका साथमा आफूलाई प्रस्तुत गर्नुपर्छ। *गोप*

# लागूऔषध सेवन रोक्न धार्मिक विश्वासको प्रभाव



**कल्पना दाहाल**

धार्मिक विश्वास र भगवानको डरले लागूऔषध सेवन रोक्नमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। धार्मिक विश्वासले मानिसलाई मानसिक शान्ति, उद्देश्यपूर्ण जीवन र आत्म-संयम दिन्छ। जब मानिसले भगवानप्रति आस्था राख्छन्, उनीहरूले आफ्नो व्यवहारलाई सुधार गर्न प्रेरित हुन्छन्। यो विश्वासले लागूऔषध सेवनबाट टाढा रहन सहयोग पुऱ्याउन सक्छ।

भगवानको डर धेरै धार्मिक मान्यतामा एक प्रमुख तत्व हो। धार्मिक ग्रन्थहरूमा नैतिकताको शिक्षा दिइएको हुन्छ र लागूऔषधको दुरुपयोगलाई पाप मानिन्छ। जब मानिसले यो बुझ्छन् कि लागूऔषध सेवन भगवानको दृष्टिमा पाप हो र यसबाट नराम्रो परिणाम आउन सक्छ, उनीहरूमा आत्म-संयमको भावना जागृत हुन्छ। यसरी भगवानको डरले उनीहरूलाई लागूऔषध सेवनबाट टाढा रहन प्रेरित गर्न सक्छ।

धार्मिक संस्थाहरूले पनि लागूऔषधबिरुद्ध जनचेतना फैलाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। मन्दिर, मस्जिद, चर्च र अन्य धार्मिक स्थलहरूमा नियमित प्रवचन, कार्यक्रम र कार्यशालाहरू सञ्चालन गरेर मानिसहरूलाई लागूऔषधको हानिकारक प्रभावबारे सचेत बनाउन सकिन्छ। धार्मिक गुरुहरूले धार्मिक शिक्षा मार्फत आत्म-संयम र अनुशासनको महत्त्व बुझाउन सक्छन्।

धेरै मानिसहरूलाई धार्मिक व्यक्तित्व र उनका जीवनका प्रेरणात्मक घटनाहरूले प्रभावित गर्छ। उदाहरणका लागि बुद्धले मद्यपान र नशा सेवन नगर्नु भनी दिएको उपदेशले आज पनि धेरैलाई प्रेरणा दिन्छ। यस्ता प्रेरणात्मक कथाहरूले लागूऔषध सेवनका बिरुद्धमा बलियो सन्देश दिन सक्छन्। धार्मिक विश्वासले व्यक्तिगत र सामुहिक जीवनमा नैतिकता र अनुशासनको महत्त्व बुझाउन मद्दत गर्दछ। जसले लागूऔषधको दुरुपयोगबाट टाढा रहन सहयोग पुऱ्याउँछ।

धार्मिक विश्वास र भगवानको डर लागूऔषध सेवन रोक्नमा एक प्रभावकारी उपाय हो। यसले मानिसलाई मानसिक शान्ति, आत्म-संयम र नैतिक जीवनप्रति सकारात्मक दृष्टिकोण दिन्छ। धार्मिक विश्वासले समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। धार्मिक संस्थाहरूले लागूऔषधबिरुद्ध जनचेतना फैलाउन सक्रिय भूमिका खेल्नुपर्छ, जसले गर्दा लागूऔषधको दुरुपयोगको समस्या समाधान गर्न सकिन्छ।

**धार्मिक विश्वासको प्रभाव**

धार्मिक विश्वासले मानिसको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छ। विभिन्न अध्ययनहरूले देखाएका छन् कि धार्मिक विश्वासले मानिसलाई मानसिक शान्ति, उद्देश्यपूर्ण जीवन र आत्म-संयम दिन्छ। जब मानिसले भगवानप्रति आस्था राख्छन्, उनीहरूले आफ्नो व्यवहारलाई सुधार गर्न प्रेरित हुन्छन्। यो विश्वासले लागूऔषध सेवनबाट टाढा रहन सहयोग पुऱ्याउन सक्छ। धार्मिक विश्वासले मानिसलाई जिम्मेवार बनाउँछ र समाजमा राम्रो नागरिकको रूपमा आफ्नो भूमिका निर्वाह गर्न प्रेरित गर्छ।

धार्मिक विश्वासले मानिसलाई सही र गलतबीचको फरकलाई इस्पस्ट पारी दिन्छ। यसले उनीहरूलाई आफ्नो निर्णयमा नैतिकता र मूल्य प्रणालीलाई प्राथमिकता दिन सघाउँछ। जब मानिसले भगवानको डर र धार्मिक शिक्षा पाउँछन्, उनीहरू लागूऔषधको दुरुपयोगबाट टाढा रहन सचेत हुन्छन्। धार्मिक शिक्षा मार्फत मानिसले जीवनको उद्देश्य र मानवीय मूल्यहरूको महत्त्व बुझ्छन्। जसले उनीहरूको जीवनलाई सही मार्गमा लान मद्दत गर्छ।

**आत्म-संयम र अनुशासन**

भगवानको डर धेरै धार्मिक मान्यतामा एक प्रमुख तत्व हो। धार्मिक ग्रन्थहरूमा नैतिकताको शिक्षा दिइएको हुन्छ र लागूऔषधको दुरुपयोगलाई पाप मानिन्छ। जब मानिसले यो बुझ्छन् कि लागूऔषध सेवन भगवानको दृष्टिमा पाप हो र यसबाट नराम्रो परिणाम आउन सक्छ। उनीहरूमा आत्म-संयमको भावना जागृत हुन्छ। यसरी भगवानको डरले उनीहरूलाई लागूऔषध सेवनबाट टाढा रहन प्रेरित गर्न सक्छ।



धार्मिक अनुशासनले मानिसलाई आत्म-संयमको अभ्यास गर्न सघाउँछ। धार्मिक उपवास, प्रार्थना र ध्यान जस्ता अभ्यासहरूले मानिसलाई आफ्नो इच्छालाई नियन्त्रणमा राख्न सघाउँछन्। यसले मानिसलाई लागूऔषध सेवन जस्ता विनाशकारी व्यवहारबाट बच्न मद्दत गर्छ। धार्मिक अनुशासनले मानिसलाई आफ्नो जीवनलाई सही दिशा दिन प्रेरित गर्छ र आफ्नो लक्ष्यमा ध्यान केन्द्रित गर्न सघाउँछ।

धार्मिक संस्थाहरूले समाजमा सकारात्मक परिवर्तन ल्याउन सघाउँछन्। तिनीहरूले मानिसलाई लागूऔषधको दुरुपयोगबाट टाढा राख्न प्रेरित गर्न सक्छन्। धार्मिक संस्थाहरूले सामुहिक प्रार्थना, ध्यान र परामर्श कार्यक्रमहरू सञ्चालन गरेर मानिसलाई मानसिक समर्थन प्रदान गर्न सक्छन्। यसले मानिसलाई आफ्नो समस्या समाधान गर्न र सही मार्गमा लाग्न मद्दत गर्छ।

धार्मिक ग्रन्थहरूमा भएका प्रेरणात्मक कथाहरू र शिक्षाहरूले मानिसलाई सही मार्गमा लाग्न प्रेरित गर्न सक्छन्। यी कथाहरूले मानिसलाई आफ्नो जीवनलाई सकारात्मक रूपले परिवर्तन गर्न सघाउँछन्। धार्मिक व्यक्तित्वहरूले आफ्नो जीवनमा अनुशासन र नैतिकता पालन गरेर उदाहरण प्रस्तुत गर्छन्। जसले मानिसलाई लागूऔषधको दुरुपयोगबाट बच्न प्रेरित गर्छ।

**निष्कर्ष**

धार्मिक विश्वास र भगवानको डर लागूऔषध सेवन रोक्नमा एक प्रभावकारी उपाय हो। यसले मानिसलाई मानसिक शान्ति, आत्म-संयम र नैतिक जीवनप्रति सकारात्मक दृष्टिकोण दिन्छ। धार्मिक विश्वासले समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। धार्मिक संस्थाहरूले लागूऔषधबिरुद्ध जनचेतना फैलाउन सक्रिय भूमिका खेल्नुपर्छ, जसले गर्दा लागूऔषधको दुरुपयोगको समस्या समाधान गर्न सकिन्छ।




**पर्यटक पर्खँदै घोडा व्यवसायी**

**इलामको कन्याम घुम्न आउने पर्यटकलाई घोडामा चडाएर मनोरञ्जन गराउने घोडचडी व्यवसाहीहरु बिहान सबेरदेखि बेलुका अबेरसम्म घोडासँगै हुन्छन् । कन्याम छेत्रमा करिब दुई दर्जनभन्दा बढी घोडा व्यवसायीको दैनिकी घोडासँगै बित्ने गर्दछ । घोडाको मूल्य ८० हजारदेखि दुई लाखसम्म पर्ने व्यवसाहीहरु बताउँछन् ।**

**तस्वीरः गणेश अर्याल/पूर्वाञ्चल**

# 'कञ्चनश्री' सुजीमा अखाद्य वस्तु मिसावट

**बिर्तामोड, असार १७।** झापाको बिर्तामोडमा प्याकेजिङ्ग गरिएको सुजीमा अखाद्य वस्तु मिसाएको पाइएको छ ।

बिर्तामोडस्थित देवी पाथीभरा प्याकेजिङ्ग उद्योगले प्याकेजिङ्ग गरेर बजारमा पुऱ्याएको 'कञ्चनश्री' नामक ब्राण्डको सुजीमा अखाद्य वस्तु मिसाएको पाइएको हो ।

बिर्तामोड नगरपालिका-३ सैनिकमोडस्थित इलामेली होटल एण्ड खाजा घरमा कञ्चनश्री नामक ब्राण्डको सुजी खानलाई पकाउँदा अखाद्य वस्तु मिसावट भएको पाइएको हो । 'छोरीलाई स्कुलमा खाजा बनाइदिन भनेर सुजी बनाएको थिए । पानी हालेको १० मिनेटपछि सुजी त




प्लाष्टिक मिसिएकोजस्तो लामो लेदो बन्यो' होटल एण्ड खाजा घरका सञ्चालक टंक कट्टेलले भने । उनले आइतबार स्थानीय किराना पसलबाट उक्त सुजीको प्याकेट किनेर ल्याएका थिए ।

'केटाकेटीलाई खाजा राम्रो हुन्छ भनेर ल्याएको सुजीमा प्लाष्टिकको लेदो देख्दा हामी छक्क परेका छौं'- कट्टेलले भने- 'यस्तो अखाद्य वस्तु मिसावट गर्ने उद्योगलाई सम्बन्धित निकायले तत्काल अनुगमन गरेर कारबाही गर्न जरुरी छ ।' कम्पनीले भने कञ्चनश्री ब्राण्डको सुजी उद्योगको उत्कृष्ट उत्पादन भएको दाबी गरेको छ ।

## जबरजस्ती करणी गर्ने पक्राउ

**खोटाङ, असार १७।** १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा एक जना शिक्षक पक्राउ परेका छन् ।

हलेसी तुवाचुङ नगरपालिका-११ राजापानी बस्ने ५८ वर्षीय शम्भुप्रसाद घिमिरेलाई प्रहरीले पक्राउ गरेको हो ।

शम्भुले ती बालिकालाई गत जेठ ५ गतेदेखि पटक-पटक जवरजस्ती करणी गरेको भन्ने उजुरीका आधारमा प्रहरी चौकी चिसापानीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको बताइएको छ ।

## इनर व्हील क्लब अफ अर्जुनधाराको नेतृत्व चयन

**अर्जुनधारा, असार १७।** इनर व्हील क्लब अफ अर्जुनधारा २०२४/०२५को प्रेसीडेन्टमा विनिता थापा तामाङ चयन भएकी छिन् ।

क्लब २०२३-२४की प्रेसीडेन्ट सुनिता खरेलको अध्यक्षता र क्लब मातृ संस्था इनर व्हील क्लब अफ बिर्तामोडकी पास प्रेसीडेन्ट सम्झना भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न बैठकबाट आगामी एक वर्षको लागि प्रेसीडेन्टमा तामाङलाई सर्वसम्मत चयन गरेको हो ।


त्यसैगरी क्लबका भाइस प्रेसिडेन्टमा तारा श्रेष्ठ, सेक्रेटरीमा प्रभा नेपाल, आइएसओमा अनी कार्की गोम्देन, ट्रेजररमा सुप्रीया बस्नेत, मिडिया एडीटरमा सुजता बुढाथोकी र बोर्ड मेम्बरमा बन्दना भण्डारी, मञ्जु चापागाँईं र राधा बुढाथोकी चयन भएका छन् ।

त्यस्तै क्लबका मेम्बरहरुमा आरती थापा, आशा घिमिरे, कञ्चनदेवी काफ्ले, निर्मला रिमाल, पूजा संग्रौला, पूर्णिमा सिटौला, मीनु ओली लोहनी, मुना पौड्याल रिजाल, रमा बुढाथोकी, सम्झना दंगाल, सिर्जना दंगाल बस्नेत र सुजता तामाङ चयन भएका छन् ।

क्लबको औपचारिक पद हस्तान्तरण कार्यक्रम आगामी साउन ८ गते हुने अध्यक्ष तामाङले जानकारी दिइन् । सोही कार्यक्रममा प्रमुख अतिथि भण्डारीले क्लबको विविध विषयबारे प्रशिक्षण दिएको बताइएको छ ।

गत वर्ष गठन भएको क्लबले क्लबमा आबद्ध पदाधिकारी तथा सदस्यहरुको नेतृत्व तथा व्यक्तित्व विकास सम्बन्धी कार्यक्रमसँगै नगरपालिकाका विभिन्न क्षेत्रमा सामाजिक गतिविधिहरु सञ्चालन गर्ने गरेको छ ।

## एमाले बिर्तामोड-३को अध्यक्षमा कोशिस



**बिर्तामोड, असार १७।** नेकपा एमालेको बिर्तामोड-३ नम्बर वडाको अध्यक्षमा कोशिस घिमिरे सर्वसम्मत रुपमा चयन भएका छन् ।

एमालेको वडा अधिवेशनमा घिमिरे सर्वसम्मत रुपमा अध्यक्ष भएका हुन् । दुई दिनसम्म सञ्चालन भएको वडा अधिवेशनबाट उपाध्यक्षमा कृतिका गौतम (आचार्य), सचिवमा श्रीप्रसाद न्यौपाने, दुई जना उपसचिवमा कृष्ण बाह्रकोटी र सुमन खरेल चयन भएका हुन् ।

२५ सदस्यीय कमिटीको खुल्ला सदस्यमा पाँच जना पुरुष र चार जना महिला, युवातर्फ तीन जना पुरुष र दुई महिला, दलित तर्फ एक जना पुरुष र एक जना महिला, आदिवासी तथा जनजातितर्फ एक महिला र एक पुरुष, मधेशी तथा मुस्लिमतर्फबाट एक महिला र एक जना पुरुष रहेका छन् ।

अध्यक्षमा सर्वसम्मत चयन भएका घिमिरे लामो समयदेखि नेकपा एमालेको पार्टी राजनीतिमा सक्रिय रहेका छन् । सानै उमेरबाट राजनीति शुरु गरेका घिमिरेले एमाले पार्टीलाई एकताबद्ध बनाउँदै पार्टीका अग्रज तथा युवापंक्तिलाई समेटेर लैजाने बताएका छन् ।

घिमिरेले आफ्नो वडामा पार्टीलाई थप शसक्त बनाउनका लागि सबैको राय सुझावलाई आत्मसाथ गर्दै अघि बढ्ने प्रतिबद्धता समेत जनाएका छन् ।

## नेपाल सुनचाँदीको केन्द्रीय उपाध्यक्षमा रूपदल

**बिर्तामोड, असार १७।** नेपाल सुनचाँदी व्यवसायी महासंघको केन्द्रीय उपाध्यक्षमा रुपदल विश्वकर्मा (राजु धमला) निर्वाचित भएका छन् । उनीसंगै केन्द्रीय सदस्यमा राजकुमार गुप्ता निर्वाचित भएका हुन् । दुवै झापाको बिर्तामोडका सुनचाँदी व्यवसायी हुन् ।

आइतबार बिहान आएको मतपरिणाम अनुसार सुशान्त ज्वेलर्सका सञ्चालक धमला तृतीय उपाध्यक्षमा २४३ मत प्राप्त गर्दै विजयी भए । त्यस्तै, राज ज्वेलर्सका सञ्चालक गुप्ता लोकप्रिय मतका साथ विजयी भए ।

संघको झापा समितिको लगातार तीन कार्यकाल अध्यक्ष, कोशी प्रदेशको अध्यक्ष तथा केन्द्रीय सदस्य भइसकेका धमला र झापाको एक कार्यकाल अध्यक्ष र केन्द्रीय सदस्य भइसकेका गुप्ता दुवैजना सुनचाँदी व्यवसायीहरुको हकहितका लागि सँधै लडिरहेका व्यवसायी हुन् । आम व्यवसायीबीच लोकप्रिय उनीहरुले न्याय, समानता, समावेशी र गतिशील महासंघको लागि चुनावी माहोलमा होमिएको बताएका थिए ।

चौथो महाधिवेशनबाट केन्द्रीय अध्यक्षमा चितवनका अर्जुन रसाइली बिजयी भए । धमला र गुप्ता रसाइली प्यानलबाटै उम्मेदवार थिए । रसाइलीले बिपेन्द्र रामुदामु विपिनलाई १३५ मतले हराए । धमलाले मनोजकुमार साहलाई ५६ मतले हराए ।

निर्वाचनमा ४३५ जना प्रतिनिधिहरुले मतदान प्रक्रियामा भाग लिएका थिए । महाधिवेशनमा ४४६ जना प्रतिनिधिहरु रहेका थिए । चुनावमा माहोल बनाउन तथा प्रचारप्रसारमा बिर्तामोडका व्यवसायी पनि काठमाडौँ पुगेका थिए । रमेश विकको नेतृत्वका सुनचाँदी व्यवसायी संघका २० जनाभन्दा बढी सदस्य चुनावमा गएका थिए ।

त्यस्तै, बिर्तामोड उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कुमार भट्टराई, पूर्वउपाध्यक्ष सञ्जीव घिमिरे, छठ समाज सेवा समितिका पूर्वअध्यक्षसहितको टिम काठमाडौँ पुगेको थियो ।

## लागूऔषधसहित ८ जना पक्राउ

**विराटनगर, असार १७।** झापा र सुनसरी जिल्लाको छुट्टाछुट्टै स्थानबाट लागूऔषधसहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

झापाको भद्रपुर नगरपालिका-५स्थित वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भद्रपुर-८का ३६ बर्षीय सन्तोष राजवंशी र २६ बर्षीय अमर बरैयलाई ब्राउनसुगर ५ ग्राम १७ मिलिग्रामसहित पक्राउ गरेको हो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सुनसरीको धरान-८का ३६ बर्षीय सुनिल श्रेष्ठ र २३ बर्षीय दीपक विश्वकर्मालाई १ ग्राम ब्राउनसुगर सहित र नरसिंह गाउँपालिका-६का २४ बर्षीय नाजम अन्सारी र बूढीगंगा मोरङका ३० बर्षीय अजयकुमार देवलाई नियन्त्रित औषधि स्पास्मो २५४ टयाब्लेट, नगद ३९ हजार र प्र.१-०२-०४९ प ११३ नम्बरको मोटरसाइकलसहित र धरान-१५ का २७ बर्षीय कबिर तामाङलाई ट्रामाडोल ९०, स्पास्मो ९० ट्याब्लेट, गाँजा १०० ग्रामसहित पक्राउ गरेको हो ।

उता कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको प्रादेशिक अनुसन्धान समूहबाट खटिएको प्रहरी टोलीले लागूऔषधसहित एक जना फरार प्रतिवादी पक्राउ गरेको छ ।

लागूऔषध मुद्दामा सुनसरी जिल्ला अदालतबाट मिति २०८०/१०/२६ गते पक्राउ अनुमति जारी भई फरार रहेका तेह्रथुम लालिगुराँस नगरपालिका-९ घर भइ सुन्दरहरैचा नगरपालिका-४ मोरङमा डेरा लिई लुकिछिपी बस्दै आएका ४२ बर्षीय अमृत बहादुर भुजेललाई खोजतलासको क्रममा फेला पारी पक्राउ गरेको हो ।

पक्राउ परेका उनको साथबाट ब्राउनसुगर ३२ ग्राम ७४ मिलिग्राम, नगद ६७ हजार ६०० रुपैंया र १ थान स्कुटरसहित नियन्त्रणमा लिएको हो । पक्राउ परेका उनको थप अनुसन्धान तथा कानूनी कारवाही भइरहेको प्रहरीले जनाएको छ ।

**बराल ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

**नेपालीहरुको लागि भरपर्दो सेवा**
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**




बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**माई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सितली, झापा**
**कोशी प्रदेश, नेपाल**

**आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र/शिलबन्दी/दरभाउ-पत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०३/१२**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार यस नगरपालिकाको आगामी आ.व. २०८१/८२ का लागि आन्तरिक आय संकलन गर्न निम्न शीर्षक अनुसारका आयमा राजस्व परामर्श समितिको सिफारिस तथा नगर कार्यपालिकाको मिति २०८१/०३/०९ को ठेक्का बन्दोवस्त गर्ने निर्णयानुसार ठेक्का लिन चाहनु हुने योग्य फर्म/संस्थाहरुले यस कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गरी तोकिएको समयभित्र कार्यालय समयभित्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**तपशील**

| क्र स | ठे.नं. | ठेक्का शीर्षक | आ.व.२०८१/८२ का लागि प्राप्त न्युनतम अंक भ्याट बाहेक | बोलपत्र/शिलवन्दी दरभाउपत्र फाराम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फाराम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | MM/IR/01/081/82 | शुक्रवारे हाटबजारठेक्का (पशु बजार बाहेक) | १,५०,०००। | १,०००। | २०८१/०३/२६ गते दिनको १२.०० बजे | २०८१/०३/२६ गते दिनको ५.०० बजे भित्र | २०८१/०३/२७ गते दिनको २.०० बजे |
| २ | MM/IR/02/081/82 | सोमबारेहाटबजार ठेक्का | ४०,०००। | १,०००। | | | |
| ३ | MM/IR/03/081/82 | विहिवारे हाटबजार ठेक्का (टहरा बाहेक) | १०,०००। | १,०००। | | | |
| ४ | MM/IR/04/081/82 | मंगलवारेहाटबजार ठेक्का (टहरा बाहेक) | १०,०००। | १,०००। | | | |
| ५ | MM/IR/05/081/82 | सेवा शुल्क, कर | २६,००,०००। | ३,०००। | | | |

ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ ।

विस्तृत जानकारीका लागि नगर कार्यपालिकाको कार्यालय वा **फोन नं. ०२७-४१२२२२/९८५२६३९१११,** website: maimun.gov.np मा सम्पर्क गर्नुहोला ।

**महेन्द्र विश्वकर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**



**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आज नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, व्यवहारिक कारणले परिवारजन बिमुख हुनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ । व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आजबाट स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादबिवाद नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
कार्यसिद्धिहुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ ।